# लेखापरीक्षण प्रतिवेदन

# बाँफिकोट गाउँपालिका, रुकुम

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बाँफिकोट गाउँपालिका, रुकुम

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/175

श्रीमान् अध्यक्षज्यु,
बाँफिकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुकुम (पश्चिम भाग)।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/175

श्रीमान् अध्यक्षज्यू,

बाँफिकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

रुकुम (पश्चिमभाग)।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियतसहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय व्ययतर्फ रु.१ अर्ब ३० करोड २४ लाख १९ हजारको लेखापरीक्षणबाट रु.१ करोड ८० लाख २१ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१५ लाख ३२ हजार फस्यौंट भई असुल गर्नुपर्ने रू.५१ लाख ११ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ७ लाख ३० हजार र नियमित गर्नुपर्ने रू.६ लाख ४८ हजार गरी जम्मा रु.१ करोड ६४ लाख ८९ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.१३ करोड १४ लाख १० हजारमध्ये रु.८ लाख २६ हजार फस्यौंट भई हालसम्म अद्यावधिक बेरुजु रु.१४ करोड ७० लाख ७३ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट संपरीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४४ | ६४ | १,८०,२०,६१३ | १ | ७ | १५,३२,१०८ | ० | ४३ | ५७ | १,६४,८८,५०५ | ५१,११,४१३ | ६,४७,५६० | १,०७,२९,५३२ | ० | ० | १,१३,७७,०९२ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष संपरीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुकुम पश्चिम भाग | १३,१४,०९,६०४ | ० | ८,25,५७३ | १३,०५,९४,०३१ | ० | १,६४,८८,५०५ | १४,७०,७२,५३६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | २६ | सवारी सुविधा | १९,१७० |
| ३ | २०८१/८२ | २४ | लक्षित वर्ग विशेष कार्यक्रम | ८,१७५ |
| ४ | २०८१/८२ | २२ | मेलमिलापकर्तालाई पुन:ताजकि तालिम | ५,९०० |
| ५ | २०८१/८२ | ५२.२ | मेलगिरी शहिद स्मृति पात्क भित्र पक्की भवन निर्माण | ९,८९,९०० |
| ६ | २०८१/८२ | ४२ | बढी भुक्तानी | १५,९५२ |
| ७ | २०८१/८२ | १९ | फलफूल खेती तालिम संचालन | ३,४०० |
| ८ | २०८१/८२ | ५ | अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता (स्थानीय तह) | ४,८९,६११ |
| ९ | २०८०/८१ | | पाठ्यपुस्तकमा अनुदान | १,४०,६८८ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८०/८१ | | दिवा खाजा | ६,७२,८८५ |
| ११ | २०७९/८० | | बैठक भत्ता भुक्तानी | १२,००० |
| जम्मा | | | | २३,५७,६८१ |

# बाँफिकोट गाउँपालिका, रुकुम पश्चिम

# ( ८०६५९९५०२३०० )

# बाँफिकोट गाउँपालिका , रुकुम पश्चिम भाग

# परिचय

१ **परिचय**

**१.१ कार्यालय परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य र १९०.४३ वर्ग किलोमिटर क्षेत्रफल तथा २०९४० जनसंख्या रहेको छ ।

**१.२ लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**१.३ लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२१ देखि २०८२।५।२६ सम्म रहेको छ ।

**१.४ लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**१.५ लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**१.६ आर्थिक कारोबारको स्थिति** - पालिकाको आय-व्ययतर्फ रू. १ अर्ब ३० करोड २४ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**१.७ लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९ हजार असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| क्र.सं. | बिवरण | रकम रु. |
|---|---|---|
| १ | खोप कार्यक्रमको प्रशिक्षक भत्ता असुल भई दाखिला भएको | ९२१९ |

४ **आर्थिक कारोबारको एकीकृत विवरण-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस पालिकाले तयार गरेको म.ले.प.फारम नं. २७० को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) यस वर्षको कुल जम्मा प्राप्ति रु. ४४,३१,१५,००६.७१ तथा कुल जम्मा भुक्तानी रु. ४३,२२,३३,४७९.२८ रहेको छ । साथै अन्तरसरकारी हस्तान्तरण तर्फ रु. ९१२८१६८६।- निकासा प्राप्त भई खर्च भएको आर्थिक कारोबारको एकीकृत विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | आयतर्फ | | | क्र.सं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ३१४६६७७३ | ३१४६६७७३ | १ | चालुखर्च | ३०८७६४०६२ | ३०८७६४०६२ |
| | क)ग४.१ स्थानीय तह सञ्चित कोष | १०७८६५५६ | | | क)पालिका तर्फ | १३४१०३८४८ | |
| | ख)ग३.१ स्थानीय तह धरौटी | १६५९७४९२ | | | ख)संघीय सशर्त | १७३२३७७१४ | |
| | ग)ग२.७ विविध खर्च खाता | ५६१६८२ | | | ग)प्रदेश सशर्त | १४२२५०० | |
| | घ)ग७.१आकस्मिक कोष | २२५०० | | २ | पुँजीगतखर्च | १११९६९४१७ | १११९६९४१७ |
| | ङ)७.२ प्रकोप व्यवस्थापन कोष | ३४९८५४३ | | | क)पालिका तर्फ | २१३७९१८१ | |
| २ | राजस्व ( आन्तरिक आय) | | | | ख)संघीय सशर्त | ३२०१०९६१ | |
| | क)आन्तरिक राजस्व | ५१७०५१६ | ५१७०५१६ | | ग)संघीय विशेष | ३२७६१६१ | |
| ३ | २.वित्तीय हस्तान्तरण (संघ) | ४२२४५८६५६ | ४२२४५८६५६ | | घ)प्रदेश सशर्त | ५५३०३११४ | |
| | क)वित्तिय समानीकरण अनुदान | ७८५४६५६० | | ३ | शेयरलगानी | ११५००००० | ११५००००० |
| | ख)राजस्व बाँडफाँट | ८३८४७०९६ | | ४ | अन्तरसरकारी अख्तियारीखर्च | ९१२८१६८६ | ९१२८१६८६ |
| | ग)सशर्त अनुदान | २५५०६५००० | | | कसामाजिक सुरक्षा | ८७४७०४९१ | |
| | घ)विशेष अनुदान | ५०००००० | | | ख)स्वास्थ्य क्षेत्र सुधारकार्यक्रम | १५३५१९५ | |
| ४ | प्रदेशसरकारबाट प्राप्त अनुदान | ६७५५६३३९ | ६७५५६३३९ | | ग)शहीद स्मृति भत्ता तथा जिवन निर्वाह भत्ता | २२७६००० | |
| | क)वित्तीय समानीकरण | ८८८६००० | | ५ | विभिन्नकोषतर्फको खर्च | ६९३४२८२२ | ६९३४२८२२ |
| | ख)राजस्व बाडफाँट | ९२४७७४ | | | क)धरौटीफिर्ता तथा | १८९२३१४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सदर स्याहा | | |
| | ग)सशर्त अनुदान | ५७७४५५६५ | | | ख)स्थानीयतह प्रकोप व्यवस्थापन कोष | ६७१२५००० | |
| ५ | अन्तरसरकारी अख्तियारीबाट प्राप्त | ९१२८१६८६ | ९१२८१६८६ | | ग)विविधखर्च | ३२५५०८ | |
| | कसामाजिक सुरक्षा | ८७४७०४९१ | | ६ | अनुदानफिर्ता | ५२०७०५०४ | ५२०७०५०४ |
| | ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १५३५१९५ | | | १. संघ तर्फ | ५१५४०१६४ | |
| | ग)शहीद स्मृति भत्ता तथा जिवन निर्वाह भत्ता | २२७६००० | | | क)सशर्त अनुदान चालु | १७५९४२८६ | |
| ७ | विभिन्नकोषतर्फको आय | ७१०२३०२२ | ७१०२३०२२ | | ख)सशर्त अनुदान पुजिँगत | ३२२२२०३९ | |
| | क)धरौटीआय | ३६४१५२२ | | | ग)विशेष अनुदान | १७२३८३९ | |
| | ख)प्रकोप व्यवस्थापन कोष | ६६९४५००० | | | २. प्रदेश तर्फ | ५३०३४० | |
| | ग)विविधखर्च | ४३६५०० | | | क)सशर्त अनुदान चालु | २२५०० | |
| | विभिन्नकोषतर्फको आय | | | | ख)सशर्त अनुदान पुजिँगत | ५०७८४० | |
| | | | | ७ | अन्तिममौज्दात | ४४०२८५०१ | ४४०२८५०१ |
| | | | | | ग४.१ स्थानीय तह सञ्चित कोष खाता | २१६६८०८४ | |
| | | | | | ग३.१ स्थानीय तह धरौटी खाता | १८३४६७०० | |
| | | | | | ग२.७ विविध खर्च खाता | ६७२६७४ | |
| | | | | | ग७.१ आकस्मिक कोष खाता | २२५०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ग७.२ प्रकोप व्यवस्थापन कोष खाता | ३३१८५४३ | |
| | जम्मा | | ६८८९५६९९२ | | जम्मा | | ६८८९५६९९२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **एकीकृत वित्तीय विवरण**

३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारवाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०८।२० को निर्णयवाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ (Nepal Public Sector Accounting Standards-NPSAS) अनुसार यस पालिकाले स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA)मा म.ले.प.फारम नं. २७० नै व्यवस्था भएको तथा नभएका विवरणहरु प्रविष्टिको लागि फर्महरूको व्यवस्था गरिएकोमा पालिकाले देहायका सम्पूर्ण टिप्पणी तथा अनुसूची प्रविष्टि गरेको देखिएन । प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) को विस्तृत विवरण अनुसूची खण्डमा समावेश रहेको छ । यस सम्बन्धी बेहोरा निम्नानुसार रहेका छन्-

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **सम्पत्तिको मौज्दात विवरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ (६) मा केन्द्रीय निकायले आफ्नो र मातहतको कार्यालयको सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण असोज मसान्तभित्र महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने तथा नियम १०१ मा सम्बन्धित केन्द्रीय निकायले एकीकृत वार्षिक विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । एकीकृत वित्तीय विवरणको टिप्पणी नं. ११ मा सम्पत्तिको मौज्दात रकम प्रविष्टिको लागि व्यवस्था गरेको छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा गत वर्षको मौज्दात रु. ४९८५७१६७.०० रहेकोमा यस वर्ष सम्पत्ति रु. ६०९३५४८.५४ थप भई रु. ५५९५०७१५.५ मौज्दात देखाएकोमा पालिकाले तयार गरेको वित्तीय विवरण लेखा टिप्पणीमा उल्लेख गरेको देखिएन । पालिकाले वित्तीय विवरणमा सम्पत्ति रकम समावेश गरी तयार गर्नुपर्दछ ।

३.३ **भुक्तानी दायित्व-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तोकिएको खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्ने उल्लेख छ। एकीकृत वित्तीय विवरणको लेखा टिप्पणी नं. १३ भुक्तानी दायित्वको विवरण प्रविष्टिको लागि व्यवस्था गरेको छ । पालिकाले गत वर्ष भुक्तानी दिन बाँकी दायित्व रु.१०२६२२७६।- र यस वर्षको भुक्तानी दिन बाँकी रु.१६८८१९९५।- रहेकोमा वित्तीय विवरण (म.ले.प.फा.नं. २७०)को टिप्पणी १३ मा भुक्तानीको दायित्व प्रविष्टि गरेको देखिएन। पालिकाले भुक्तानी दिन बाँकी दायित्व रकम समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

३.४ **ऋण तथा शेयर लगानी-** – एकीकृत वित्तीय विवरणको टिप्पणी नं. टिप्पणी ४.१ ऋण तथा शेयर लगानी प्रविष्टिको लागि व्यवस्था गरेको छ ।पालिका र कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा लि.न. १९६३१५ मा दर्ता भएको स्यार्पु पावर कम्पनि लिमिटेडमा संस्थापक शेयरधनिको रुपमा रुकुम पश्चिमका ६ स्थानीय तह र जिल्ला समन्वय समिति समेतको संस्थापक लगानी रहेको छ। यस कम्पनीमा २०८१।१२।०५ को कम्पनी रजिस्टार कार्यालयको अभिलेख अनुसार यस पालिकाको लगानी रु.१ करोड २५ लाख पुगेको छ । यस पालिकाले कम्पनी लिमिटेडमा मिति २०७५।७६ रु. १० लाख र यस वर्ष रु.१ करोड १५ लाखसमेत रु.१ करोड २५ लाख

शेयर लगानी गरेको छ । उक्त रकम वित्तीय विवरण (म.ले.प.फा.नं.-२७०)को अन्य संस्थामा शेयर लगानी(३२१५२) लगानीमा रु.१ करोड १५ लाखमात्र वित्तीय विवरणमा मात्र समावेश गरेको देखियो । विगतमा लगानी गरेको रु.१० लाख पालिकाले शेयर लगानीमा चित्रण वा लेखाकंन गरेको देखिएन । पालिकाले समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

३.५ **लेखापरीक्षणबाट कायम भएको बेरुजु** – एकीकृत वित्तीय विवरणको टिप्पणी नं. १७ मा आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजु प्रविष्टिको लागि व्यवस्था गरेको छ । पालिका एकीकृत वित्तीय विवरणको टिप्पणी नं. १७ मा हालसम्म अन्तिम लेखापरीक्षण गरी रु. १३१४०९६०४ ।-बेरुजु बाँकी रहेकोमा वितीय विवरणको टिप्पणीमा प्रविष्टि गरेको देखिएन । पालिकाले उक्त विवरण समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

४ **पेश्की व्यवस्थापन** (२/2081-10-30):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५२ मा कुन काम वापत पेश्की दिएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षको जिम्मेवारी सारी लेखापरीक्षण गर्ने निकायले फर्स्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखा प्रतिवेदनमा समावेश गर्नु पर्दछ । पालिकाले निर्माणाधिन ५।१०।१५ शैया आधारभूत अस्पतालको निर्माणको टि.डि.आर. निशान सिस्ने हिमाल जे.भि.को रु.१३३००००० ।पेश्की बाँकी दिएकोमा लेखापरीक्षण अवधिसम्म पेस्की फर्स्यौट भएको छैन ।पेश्की जमानत मिति २०२५ नोभेम्बर ५ सम्म रहेको छ । सम्झौताको शर्त बमोजिम सयममा पेश्की कट्टा गरी फर्स्यौट गर्नु पर्दछ।

५ **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता (स्थानीय तह)**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **४८९,६११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६ **बजेट तथा कार्यक्रम (स्थानीय तह)**

६.१ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु.५४ करोड ८३ लाख १५ हजार बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६.२ **योजनाको प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार पुजिँगत र कार्यक्रम गाउँपालिकास्तरका कुल २१५ वटा योजनामा बजेट विनियोजन गरेको छ।

| बजेर खर्च (रु. हजारमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क्र. सं.** | **कार्यक्रमको नाम** | **बजेट** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि २०** | **रु.५लाखभन्दा कमका योजना सङ्ख्या** | प्रगति**सङ्ख्या** | खर्च |
| १ | पुजिँगत खर्च | **१८२८१३** | १०१ | १८ | १८ | ६५ | २८ | १११९६९ |
| २ | कार्यक्रम खर्च | ४९०६८ | ११४ | ६ | १५ | ९३ | ६८ | ३५०६६ |
| | जम्मा | २३१८८१ | २१५ | २४ | ३३ | १५८ | ९६ | १४७०३५ |

उपर्युक्त विवरणअनुसार गाउँपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ गाउँपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

६.३ **त्रैमासिक पुँजीगत खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रु. हजार

| **विवरण** | **बजेट** | **खर्च** | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | **आषाढको खर्च** |
|---|---|---|---|---|---|---|---|
| **रकम रु. हजारमा** | **१८२८१३** | **१११९६९** | **१५६२** | **२८३९७** | **४८७६** | **७७१३४** | **७४०७६** |
| **प्रतिशत** | | ६१.२५ | १.४० | २५.३६ | ४.३५ | ६८.८९ | ६६.१६ |

माथिको तालिका अनुसार यस वर्ष ६१.२५प्रतिशत खर्च भएकोमा चौथो त्रैमासिकमा कुल खर्चको ६८.८९ प्रतिशत र आषाढमा मात्र ६६.१६ प्रतिशत खर्च भएको छ । गाउँपालिकाले तोकिएको त्रैमासिक अनुसार खर्च गर्न विनियोजन दक्षता एवं कार्यान्वयन प्रभावकारितामा वृद्धि गर्नु पर्दछ।

६.४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ।साथै गाउँसभाले सालबसाली विनियोजन ऐन,२०८१ ले १० प्रतिशत रकम रकमान्तर व्यवस्था व्यवस्था छ। गाउँपालिकाले यो वर्ष विनियोजन ऐन प्रकाशन नगरी रु. रु.५४ करोड ८३ लाख १५ हजार बजेट रहेकोमा रु. ८ लाख ५० हजार रकमान्तर गरी खर्च गरेका छन्। ऐनको व्यवस्थाअनुसार रकमान्तर गर्नुपर्दछ ।

६.५ **गत वर्षको दायित्व भुक्तानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ। योजना तथा कार्यक्रम र भुक्तानी बाँकीको कच्चावारी प्रमाणितबेगर यस पालिकाले गत वर्षको दायित्वअन्तर्गत रु. १ करोड ६ लाख २४ हजार बजेट विनियोजन भई रु. ८५ लाख ५७ हजार खर्च गरेको देखियो। सालबसाली रूपमा कार्यक्रम सम्पन्न गर्नु पर्दछ।

## ७ कानून निर्माण एवं कार्यान्वयन (स्थानीय तह)

७.१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम स्थानीय तहले आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रहि आवश्यकता अनुसार नियम, निर्देशिका र कार्यविधि बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था रहेको छ । पालिकाले सेवा प्रवाहसम्बन्धी रणनीति १ वटा समेत गरि कुल 37 वटा कानुन बनाई सेवा प्रवाह गरेको छ । पालिकाले कानून निर्माण गर्दा प्रत्यायोजित अधिकारको सीमामा रही तर्जुमा गरी सोको कार्यन्वयनमा ध्यान दिई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

७.२ **मुद्दाको अवस्था:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९(४) मा न्यायिक समितिले ३ महिना भित्र मुद्दा मेलमिलापको माध्यमबाट छिनोफानो गर्नुपर्ने व्यवस्था रहेको छ। न्यायिक समितिमा गत वर्षको ७ मुद्दा बाकी रहेकोमा यस आर्थिक वर्षमा १५ वटा लेनदेनका उजुरी दर्ता भएकोमा २१ वटा मुद्दाको फर्स्यौट भई १ वटा उजुरीको किनारा नलागी वर्षान्तमा बाँकी देखिएकोले नियममानुसार बाँकी मुद्दा को किनारा लगाउनुपर्दछ।

## ८ संगठन तथा कर्मचारी व्यवस्थापन (स्थानीय तह)

८.१ **जनशक्ति व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। कर्णाली प्रदेश स्थानीय सेवा ( सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१ को दफा ७ मा संगठन संरचना र दरबन्दी सिर्जना सम्बन्धी व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ६२ जना पदपूर्ति भई विभिन्न सेवाको १० पदहरू रिक्त रहेका छन् ।

८.२ **कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।साथै सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले विभिन्न पदहरुमा कर्मचारीहरु करारमा राखी गा पा तर्फको करार कर्मचारी बापत रु. ७६ लाख ४१ हजार २०५, स्वास्थ्य सेवा करार तर्फ रु ८५ लाख २५ हजार ४५२ र शिक्षक तथा का स तर्फ रु. ३ करोड ८५ लाख २७ हजार ९९९ गरी कुल रु ५ करोड ४६ लाख ९४ हजार ६५६ खर्च लेखेको छ । पालिकाले आफ्नो कार्य विश्लेषण गरी कर्मचारी नियुक्ति गर्नुपर्दछ । श्रेणिविहिन पदमा सेवा करारको माध्यमबाट सेवा लिई खर्चमा मितव्ययीता अपनाउनु पर्दछ ।

८.३ **अप्राविधिक कर्मचारीलाई करार नियुक्ति:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सक्ने व्यवस्था रहेको छ । साथै कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १४ मा यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक निजामति कर्मचारीले गर्नुपर्ने कामको लागि कुनैपनि कर्मचारीलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिकाले उल्लेखित कानूनी व्यवस्था विपरित हुने गरी निम्नानुसारको अप्राविधिक कर्मचारीलाई करारमा नियुक्त गरी कानून विपरित भुक्तानी भएको रु.

| कर्मचारीको नाम | पद | भुक्तानी |
|---|---|---|
| भरतकुमार पुन मगर | कम्प्यूटर अपरेटर | ४५१४९० |
| पुष्पा ओली | कानूनी सहजकर्ता | ३८१२२५ |
| सन्तोष सिं ठकुरी | सहायक | २९९००० |
| जम्मा | | ११३१७१५ |

९ **आन्तरिक लेखापरीक्षण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ३३(४) मा आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षणको क्रममा औंल्याइएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र सम्बन्धित कार्यालय पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन गरेको देखिएन । तोकिएको अवधिमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१० **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version 1 लागू भएको आर्थिक वर्ष २०८१/०८२ बाट PAMS version 2 (PAMS V2) लागु गरिएकोमा PAMS version 1 मा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको जिन्सी सामाग्रीको मौज्दात version 2 मा जिम्मेवारी सार्नुपर्नेमा PAMS version 1 मा रहेको ९४ आइटमको रु. ४९८५७१६७/- को खर्च भएर नजाने जिन्सी मौज्दात नयाँ प्रणाली (PAMS V2) मा जिम्मेवारी सारेको देखिन्छ। त्यसैगरी आ.व २०८१-८२ मा रू. ६०९३५४८.५४ बरावरकोखर्च भएर नजाने मालसामान थपिन गई जम्मा रू ५५९५०७१५.५ को सम्पत्ति PAMS V2 मा मौज्दात रहेको देखिन्छ । तसर्थ,नियमावलीको व्यवस्था अनुसार सम्पतिको मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

११ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, बार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) प्रणालीमा ४१ वटा सहकारी रहेकोमा २ विवरण अद्यावधिक गरेको र ३९ वटाले विवरण पेस गरेको देखिएन । त्यसैगरी पालिका दर्ता भएका सहकारी संस्थाहरुको विवरण स्पष्ट रुपले राखेको देखिएन ।तसर्थ, ऐन , नियमावली र निर्देशिका अनुसार सहकारीहरूको प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१२ **घ वर्गको नियमन**

पालिकाको घ वर्गका निर्माण व्यवसायीहरुको इजाजत पत्र सम्बन्धी कार्यविधिमा आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र नवीकरण नगरेमा थप दस्तुर लिई नवीकरण गर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत अनुमति पत्र निर्माण व्यवसायीहरु मध्ये आर्थिक वर्ष २०८१-८२ मा ३ वटा नविकरण र १ वटा नयाँ दर्ता भएका छन् ।पालिकाले इजाजत दिएका निर्माण व्यवसायीको घर भाडा सम्झौता, मेसिन र जनशक्तिको व्यवस्थित अभिलेख गरी नियमनलाई प्रभावकारी बनाउँनुपर्छ ।

१३ **निजि विद्यालयको नियमन**

शिक्षा नियमावली, २०५९ को नियम २६ मा प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक प्रगति सार्वजनिक गर्ने, उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम लेखापरीक्षण गरी पेस गर्ने, तथ्यांक अद्यावधिक गर्ने लगायत संस्थागत विद्यालयको व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार तोकेको छ । यस गाउँपालिका अन्तर्गत सञ्चालित २ संस्थागत विद्यालयको अनुमती, कक्षा थप गर्दा पालिकामा विद्यालयको लेखापरीक्षण गरेको प्रंमाण पेश भएन । यस सम्बन्धमा कानुन अनुसार विद्यालयको नियमन गर्नुपर्छ ।

१४ **राहत उद्दार तथा सहायता**

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले राहत उद्धार तथा सहायता शीर्षकमा बजेट विनियोजन गरी यस वर्ष गा. पा. चालु शीर्षकबाट कार्यपालिकाको निर्णय अनुसार भनी २८ जनालाई जनही रु. ८००० देखि रु. २०००० सम्म गरी रु. २ लाख २७ हजार र गो भौ नं ४८१।०८२।३।२० बाट २१ जना लाई जनही रु.२३८०० का दरले रु. ४ लाख ९९ हजार ८०० गरी कुल रु. ७ लाख २६ हजार ८०० भुक्तानी गरेको छ। पालिकाले कार्यपालिकाको पटके निर्णयको आधार भन्दा राहत वितरणको कार्यविधि तयार गरी वास्तविक पिडित तथा असाहयलाई वस्तुनिष्ठ तवरले तत्कालिन भन्दा दीर्घकालिन सहुलियत हुने गरी सहायता वितरण गर्नुपर्दछ ।

## १५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा रु. ११,१९,६९,४१६.९१ को पुजिँगत खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- कर्णाली प्रदेश स्थानीय सेवा(सञ्चालन तथा व्यवस्थापन निजामति सेवा ऐन,२०८१ को बमोजिम यस पालिकाकामा कार्यरत ६२ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. १४ लाख ५७ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक निकायले सूचना अधिकारी तोक्नु पर्ने तथा आफ्नो सूचनाको वर्गीकरण, अद्यावधिक र तीन/तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्नेमा सूचना अधिकारी तोकेतापनि स्वतःप्रकाशन गरेको देखिएन ।

- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

  तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**१६ जिविको पार्जन सुधार कार्यक्रम**

पालिकाले सवै जिल्लाका कम्तीमा ३ स्थानीय तह रहने गरी मानव विकास सुचकाँकमा पछाडी परेका १११ स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यक्रमको लागि बजेट विनियोजन भएको बजेट बाट ३० दिने च्याउ खेति तालिम संचालन गरे बापत श्री आर. इन्जिनिरिङ्ग कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा ली लाई बाट रु. ४२१४९० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

- जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धि मापदण्ड २०७७ को बुदा नं १६ अनुसार संस्थाले सीप विकास तालिम कार्यक्रममा एउटा परिवारबाट एक भन्दा बढी महिला नपर्ने गरी विपन्न महिला, कोभिड-१९ प्रभावित महिला, एकल महिला, हिंसा पीडित महिला परिवारमा कृषि बाहेक अन्य कुनै नियमित रोजगारी नभएको परिवारका महिला छनौट गरी कार्यक्रम संचालन गर्नुपर्नेमा सेवा प्रदायकले प्रशिक्षार्थी छनौटको आधार पेश गर्नुपर्दछ।

- जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धि मापदण्ड २०७७ को बुदा नं २० अनुसार स्थानीय तहमा छनौट भएका संस्था मार्फत सीप तथा व्यावसायिक तालिम तथा व्यवसाय स्थापना खर्च अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा सेवा प्रदायकले प्रशिक्षार्थीको खातामा अनुदान बापतको रकम बैंक मार्फत दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ।

- जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धि मापदण्ड २०७७ को बुदा नं ३ अनुसार कृषि तथा पशुपालन क्षेत्रमा सहकारी खेती, सामूहिक खेती, आधुनिक खेती, पशुपालन, माछापालन, माहुरीपालन लगायत कुनै पनि क्षेत्रको कृषि उत्पादनमा आधारित व्यवसाय कार्यहरू संचालन गर्न सकिने व्यवस्था रहेको बुदा नं ४ अनुसार सेवा प्रदायक संस्थाले व्यवसायको प्रकृति हेरी कम्तीमा पाँच (५) दिनको तालिम पच्चीस (२५) जना लक्षित सहभागीलाई प्रदान गर्ने गरी व्यावसायिक योजना पेश गर्नुपर्ने र बुदा नं ९(६) अनुसार तालिम प्रदान गर्ने संस्थाले तालिम अवधिको कार्यतालिकामा सीप तथा व्यावसायिक विकासका सत्रहरू अनिवार्य रुपमा समावेश गरी तालिमका विषय, विधि र सत्र समेत खुलाइ पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले मापदण्डले तोकेका विषयहरु नखुलाई ३० दिनको च्याउ तालिम सञ्चालन गरेको छ। पालिकाले आगामी दिनमा यस्ता तालिम सञ्चालन गर्दा मापदण्डले तोकेबमोजिम कार्यतालिकामा सीप तथा व्यावसायिक विकासका योजनाहरु अनिवार्य रुपमा समावेश गरी तालिमका विषय, विधि र सत्र उल्लेख गरि कार्यक्रम सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्छ

**१७ स्थानीय भत्ता**

सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।०१।२५, च. नं. २१७ बाट कम्तिमा ६ महिना करारमा कार्य गरेका कर्मचारीलाई सालबसाली रुपमा वर्षमा एकपटक चाडबाड खर्च र पोसाक भत्ता मात्र उपलब्ध गराउने परिपत्र गरेको छ। पालिकाले उक्त परिपत्रको विपरित हुने गरि साविक जिल्ला विकास समितिमा कार्यरत देहायको अस्थायी कर्मचारीहरुलाई महगी भत्ता र स्थानीय भत्ता वापत वार्षिक रु ३०४५६० खर्च गरेको छ । विद्यमान कानुनमा स्थायी र करारमा मात्र कर्मचारी राख्न पाउने व्यवस्था भएकोले अस्थायी कर्मचारीलाइ भुक्तानी भएको महंगी भत्ता र स्थानीय भत्ताको सम्बन्धमा कानुनी स्पष्ट आधार देखिएन । पालिकाको यस सम्बन्धमा

साविक जिल्ला विकास समिति र गाउँ विकास समितिबाट समायोजन भई आएका कर्मचारी भएको साविक देखिकै सुविधा प्रदान आएकोले यस वर्ष पनि भुक्तानी गरेको भनाई रहेको छ। अतः पालिकाले कर्मचारीलाइ महंगी भत्ता र स्थानीय भत्ता दिन मिल्ने प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.

| कर्मचारीको नाम | पद | स्थानीय भत्ता र महङ्गी भत्ता मासिक (६४६०+२०००) | वर्षिक भुक्तानी |
|---|---|---|---|
| कमान सिंह नाथ | कार्यालय सहायक | ८४६० | १०१५२० |
| चन्द्र बहादुर वि क | कार्यालय सहायक | ८४६० | १०१५२० |
| निर्जला वि कि मल्ल | कार्यालय सहायक | ८४६० | १०१५२० |
| जम्मा | | | ३०४५६० |

| | |
|---|---|
| अनियमित भएको | ३,०४,५६० |

१८ **अतिरिक्त सेवा सुविधा**

शिक्षक सेवा नियमावली २०५९ को नियम १०० मा स्थायी शिक्षकले मासिक सेवा गरेको अवस्थामा नेपाल सरकारले तोके अनुसारको तलव भत्ता भुक्तानी गर्न सक्ने व्यवस्था रहेको छ। साथै स्थानीय तहले कुनै पनि नियमित रुपमा भुक्तानी गर्ने अतिरिक्त सेवाको लागि कानूनी व्यवस्था गरी रकम भुक्तानी गर्नुपर्नेमा सो नगरिकनै पालिकामा शिक्षा शाखामा स्थायी पदपूर्ति भइरहेको अवस्थामा विरेन्द्र मा वि का शिक्षक श्री रत्न बहादुर के सी लाई पालिकामा कामकाज गर्न लगाई नियमित रुपमा स्कुलमा तलव भत्ता भुक्तानी भई राखेको अवस्थामा पालिकाले थप निर्णय गरी मासिक रु.१४८१२ को दरले १२ महिनाको रु.१ लाख ७७ हजार ७४४ भुक्तानी भएको छ। यसरी दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७७,७७४ |

१९ **फलफूल खेती तालिम संचालन** (३६६-2082-01-26):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२४** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२० **प्रमाण पेश गर्नुपर्ने**

पालिकाले एक घर एक धारा कार्यक्रम अन्तर्गत १८०० मिटर पुरानो पाइप मर्मत कार्य बापत रु ४ लाख ५० हजारको लागत अनुमान तयार गरी गो भौ नं ३१०।०८२।३।२२ बाट रु ४०९१८८ संघीय सशर्त रोजगारी सृजना शीर्षकबाट खर्च लेखेकोमा पुरानो पाइपको कति स्थानमा मर्मत गर्नुपर्ने हो सो कुरा लागत अनुमान तयार गर्दा नै उल्लेख नगरिकनै कुल पाइपको लम्वाइ कति हो सो कुराको यकिन नगरिकनै १८०० मिटर पाइप ०.४५ मिटर चौडाई मा ०.६० मिटर गहिरो खाल्डो खनि गाडेको भनी प्रति घन मिटर रु ८४१ का दरले रकम भुक्तानी दिएको देखिएकोले उक्त कार्यको कूल लागत अनुमान तयार गरी कति मर्मत गर्नुपर्ने हो सो को यकिन विवरण खुल्ने गरी लागत अनुमान तया कार्यसम्पन्न प्रमाण गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०९,१८८ |

२१ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको कार्यक्रममा स्पिकर, मिक्सर, ड्रम, क्यासिनो वोर्ड, गितार र माइक्रोफोन तथा कासको थाल वितरणमा रु.३७४९९६।– को सामग्री खरिद गरी भुक्तानी गरेको छ ।पालिकाले सामग्री वितरण गर्दा स्थायी परिचय पत्र खुल्ने गरी वितरण गरेको भरपाई व्यवस्थित गरेको देखिएन । पालिकाले वितरण गर्ने सामग्री खरिद गर्दा सार्वजनिक

खरिद प्रक्रिया पालना नगरी दीर्घकालीन सामाजिक विकास हुने कार्यक्रमको लागि बजेट विनियोजन गरी खर्च गरी वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

| **गो.भौ.नं. र मिति** | **संस्था तथा कार्यक्रमको नाम** | **विवरण** | **संख्या** | **रकम** |
|---|---|---|---|---|
| ५१०।०८२।३।२५ | छिन्खेत एसेम्विज अफ गड मण्डली कार्यालय व्यवस्थापन | स्पिकर, मिक्सर, ड्रम, क्यासिनो वोर्ड, गितार र माइक्रोफोन | सबै १ , १ वटा | १९८००० |
| ४३७।०८२।३।१८ | शहिद समाज कार्यक्रम<br>शहिद सम्मान | कासको थाल वितरण | | ३७४९९६ |
| ४७९।०८२।३।२४ | **एकल महिला लक्षित क्षमता विकास कार्यक्रम:** | इन्डक्सन चुलो वितरण | १०८ | १९९८०० |
| | **जम्मा** | | | ७७२७९६ |

२२ **मेलमिलापकर्तालाई पुन:ताजकि तालिम** (३८५-2082-03-03):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **५,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२३ **दलित क्षमता अभिवृद्धि कार्यक्रम** (468-2082-03-18):

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशका, २०८१ मा तालिम सञ्चालनको नर्म्सको व्यवस्था गरेको छ । पालिकाले दलित क्षमता अभिबृद्धि कार्यक्रम को लागि विनियोजित बजेट बाट सयुक्त प्रगतिशिल मञ्चले गाउँपालिकाको १० वटै वडामा रहेकोमा १५० जना दलित जनप्रतिनिधि र दलित अगुवाहरु विचको अन्तरक्रिया तथा क्षमता विकास कार्यक्रम संचालन गरे बापत रु. ३ लाख भुक्तानी भएको देखियो। पालिकाले कार्यक्रम संचालन गर्न नसक्ने भएकोमा खरिद कानून अनुसार आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी तेस्रो पक्षबाट कार्यक्रम संचालन गरेको देखिएन । पालिकाले उल्लेखित कार्यक्रम २०८२।३।१५ र १६ गरी २ दिन संचालन भएको अवस्थामा २ दिनको बढीमा ८ सेसनको भुक्तानी गर्नुपर्नेमा १२ सेसनको भुक्तानी गरी ४ सेसन बापत रु ४२०० भुक्तानी दिई बढी भुक्तानी भएको साथै अन्य ३ प्रशिक्षकले समेत कार्यपत्र पेश नगरीकनै प्रति कक्षा बापत रु १४०० का दरले जनही ३/३ कक्षाको दरले १२६०० भुक्तानी भएकोमा उक्त कार्यक्रमको दैनिक कार्यतालिका सहित कार्यपत्र पेश नगरेको देखिएकोले उक्त भुक्तानी भएको रकम सहित प्रशिक्षण बापत भुक्तानी भएको रु १६८०० असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १६,८०० |
|---|---|

२४ **लक्षित वर्ग विशेष कार्यक्रम** (२२०-2081-11-10):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२४** को निर्णयले रू **८,१७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२५ **इन्धन बापत भुक्तानी** (४५७-2082-03-17):

अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०८१ को दफा परिच्छेद-७ अनुसुची ४ र कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ को दफा ९ बमोजिम पदाधिकारीको गाउँपालिकाको अध्यक्षको लागि प्रति महिना ७० लिटर लागि मापदण्ड तोके बमोजिम इन्धन खर्च गर्नुपर्ने र सोको स्वीकृत मलेप फारम ९०५ लगवुक अद्यावधिक गर्नु पर्ने व्यवस्था छ।

पालिकाले स्वीकृत गरेको कोटा, तोकिएको नर्म्स, मापदण्ड निर्देशिका, पदधिकारीको सुविधा तथा उपकरणको लागि भुक्तानी भएको इन्धन कुपन अनुसार नेपाल आय निगमको आर्थिक वर्ष २०८१।८२ मा ११ पटक परिवर्तन भएको पेट्रोल र डिजेलको खुद्रा मूल्यको अधिकतम औसत मूल्य रु.१५६।- कायम गरी हिसाव गर्दा यस वर्ष पदाधिकारी सुविधामा एक बोलेरो गाडीमा इन्धन(पदाधाकरी सुविधा)मा रु.१३१०४०।– खर्च गर्नु पर्नेमा रु. ३,९४,६४१।– खर्च भएको छ । पालिकाले मापदण्ड भन्दा रु.२६३६०१।- बढी खर्च लेखेको छ। पालिका एक मात्र चार पाग्रे सवारी रहेकोले कार्यालयको काममा प्रयोग भएको, अध्यक्षको कार्यबोझ अनुसार अनुगमन लगायतका काममा खटिनु पर्ने, सुरक्षा निकाय लगायतलाई समेत इन्धन वितरण गर्नुपर्ने तथा पालिकामा मोटरसाइकल-३०,स्कुटर-३ र एम्बुलेन्स-२ समेतको रु. ३ लाख मात्र इन्धन खर्च गरेकोले हुदाँ इन्धन(पदाधाकरी सुविधा) शीर्षकमा बढी खर्च भएको पालिकाको भनाई रहेको छ। पालिकाले स्वीकृत मापदण्डलाई ध्यान दिई इन्धन खर्चमा नियन्त्रण गरी मापदण्ड भित्र रहेर इन्धन खर्च गर्ने तर्फ जोड दिनुपर्दछ।

२६ **सवारी सुविधा**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१९,१७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२७ **संघीय कार्यालयको खर्च**

संघीय कार्यालयको खर्चआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था तथा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालनन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४६ मा प्रदेश वा स्थानीय तहमार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहलाई सङ्घीय निकायको एकाइको रूपमा कार्यालय कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने व्यवस्था छ। पालिकाले पालिकाको क्षेत्र भित्र रहेका ५ वटा प्रहरी चौकी सञ्चालन खर्च बपात रु.२ लाख ५० हजार बजेट विनियोजन गरी रु.२ लाख ४३ हजार प्रहरी चौकीको इन्चार्जलाई मासिक पेट्रोल बापतको रकम भुक्तानी गरेको देखियो । आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन तथा नियमावली व्यवस्था अनुसार संघीय कार्यालयलाई स्थानीय तहले बजेट (अन्तर-सरकारी अख्तियारीः) दिने व्यवस्था नगरेकोले भुक्तानी दिएको खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,४३,००० |

२८ **साझा सुविधा केन्द्र निर्माण** (२९६-2082-03-19):

सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक मूल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना कार्यको लागि भवन बनाए बापत रु. ४३६०५३ साझा सुविधा केन्द्र निर्माणलाई भुक्तानी दिएको देखियो । पालिका प्राविधिकले सोलिङ्ग भन्दा पि सि सि घर निर्माणको लागि सोलिङ्गको चौडाई ०.३५ मिटरमा गरेकोमा पि सि सि ०.४५ मिटरमा गरेको भनी (११.२४*०.३५*०.१०) ०.३९ घन मिटर प्रति घनमिटर रु.११३००.४४ का दरले रु ४४४५ भुक्तानी दिनुपर्नेमा र १.०२ घनमिटरको रु. ७०८१ तथा नापी कितावमा ०.६० सि एम खाल्डो खनेको जनाएकोमा ०.१५ मिटर सोलिङ्गमा १० मिटर को पि सि सि भनी रु.४३१२९ भुक्तानी गरेकोमा उक्त कार्य भएको प्रमाण संलग्न गरेको नदेखिएको हुदा उक्त दुवै कार्यको बढी भुक्तानी भएको रु. ५०२१० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,२१० |

२९ **जनप्रतिनिधिलाई उपचार सहुलियत** (गो भौ नं ४९।०८१।६।१७-):

कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ को दफा ४ मा यस ऐनको दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनले पदाधिकारी वा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा सम्बन्धित स्थानीय तहको अन्तरिक स्रोत तथा क्षमताका आधारमा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्ने उल्लेख छ । पालिकाले कार्यपालिकाको निर्णयको आधारमा वडा सदस्य मान वहादुर बुढालाई एक निजी प्राइभेट अस्पतालमा दाहिने मृगौलामा रहेको पत्थरीको अपरेसन गरेकोमा उपचार सहुलियत भनी रु १ लाख भुक्तानी गरेको देखियो। पालिकाले जनप्रतिनिधिलाई उपचार सहायता प्रदान गर्दा प्रदेश कानुनको पालना नगरेको, प्रदेश कानुन अनुसार सुविधमा बढाउने कानुन निर्माण स्थानीयतहमा अधिकार नभएकोले तथा खर्च मितव्ययीताको लागि सरकार अस्पताल तथा स्वास्थ्य बिमासँग समन्वय गरेको देखिएन । अतः जनप्रतिनिधिलाई स्वास्थ्य उपचारको लागि सहुलियत प्रदान गरेको रकम प्रदेश कानुनको परिपालना नगरी खर्च गरेकोले थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

## ३० अस्थायी घर निर्माण

३०.१ अस्थायी घर निर्माण- भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्याविधि, २०८०को दफा ३ मा भूकम्पका कारण निजी आवास पूर्ण रूपले क्षति भएका वा आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेका घरपरिवारलाई अनुसूची १ बमोजिम स्वघोषणा सहितको निवेदन र वडाको सिफारिसका आधारमा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले स्वीकृत गरेका परिवारलाई अस्थायी आवास लाभग्राही कायम गरी लाभग्राहीहरुको विवरण अनिवार्यरुपमा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिलाई तत्काल जानकारी गराउनु पर्ने उल्लेख छ।पालिकाले भूकम्पबाट प्रभावित तथा अन्य प्रकोपबाट पीडित भएका २५७४ घर परिवारलाई प्रथम किस्ता बापत १८४१ जनालाई लक्ष्मी बैंकबाट प्रथम किस्ता बापत प्रति परिवार रु.२५००० का दरले रु.४६०२५००० र प्रभु बैंकबाट ७३३ जनालाई जनही रु.२५००० का दरले रु. १८३२५००० गरी रु. ६ करोड४३ लाख ५० हजार २०८० साल पौष महिनामा वितरण भइसकेको र दोस्रो किस्ता बापत २५७४ जनालाई लक्ष्मी बैंक र प्रभू बैंक बाट रु.६ करोड ४३ लाख ५० हजार भुक्तानी गरेको देखियो।पालिकालेले माथीको उल्लेखित अस्थायी टहरा निर्माणको लागि दोस्रो किस्ता बापत प्रति परिवार रु.२५००० भुक्तानी दिएको श्रेस्ता परिक्षण गर्दा कतिपय घर पक्की भएको त्यसको साइडमा सानो टहरा निर्माण गरेको भनी दोस्रो किस्ता बापतको रकम भुक्तानी प्राप्त सम्पन्न प्रतिवेदनमा उल्लेख भएका फोटो टहरा निर्माण कार्य प्रभावकारी रुपमा भए नभएको यकिन नभएको हुदा पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

३०.२ दोहोरो अनुदान- कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा २८ मा नेपाल सरकारबाट भूकम्प पूनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम बस्ती स्थानान्तरण जस्ता कार्यक्रमहरुवाट लाभान्वित लाभग्राहीहरुलाई यस कार्यविधि वमोजिम अनुदान उपलव्ध नगराइने उल्लेख छ। भौतिक पूर्वाधार विकास कार्यालय रुकुम पश्चिम बाट जनता आवास कार्यक्रम अन्तरगत राजु कामी, बाफिकोट गाउँपालिका वडा नं. ९ (ना. प्र. नं. ५६-०१-७१-०२१३) ले घर निर्माण वापत रु. ३३०९६० प्राप्त गरेको अवस्थामा यस पालिकाबाट समेत सि.नं. ८२०४१ बाट रु. ५०००० भुक्तानी भएकोले दोहोरो पर्ने गरि भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

## ३१ तलव भत्तामा बढी भुक्तानी

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को अनुसूची २ को तालिका नं १ अनुसार नयाँ लघु उद्यमी सिर्जना तर्फ विनियोजन भएको बजेटको उद्यम विकास सहजकर्ता परिचालनको लागि बढीमा २४ देखि ३३ प्रतिशत सम्म खर्च गर्न सकिने व्यवस्था रहेकोमा गाउँपालिकाले यस वर्ष गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने बजेट शीर्षकमा रु ९ लाख २० हजार विनियोजन भएकोमा त्यसको ३३ प्रतिशतले हुने रु. ३ लाख ३ हजार ६०० सम्म खर्च गर्न सकिने गाउँपालिकाले २ जना कर्मचारीलाई तलव भत्ता शीर्षकमा रु. ६

लाख २३ हजार ८४४ नै तलव भत्तामा खर्च लेखि कार्यविधि भन्दा रु. ३ लाख २० हजार २४४ हजार बढी भुक्तानी दिएको देखिएको संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२०,३४४ |

३२ **पि सि सि को बढी परिमाणमा भुक्तानी** (२५८-2082-03-07):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता अनुसार निर्माण कार्यको भुक्तानी दिदा प्राविधिकले नापी गरी तयार गरेको विल तथा प्रमाण आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले हिमालय आ वि को घेराबार कार्यको लागि कुल रु.२३२६२२ भुक्तानी गरेकोमा २ वटा प्रथम स्टेप वाल( २७*०.४९*०.५८) र दोस्रो स्टेप वालको लम्वाई(२७*०.३५*०.९९) मिटर भएकोमा पि सि सि क्रमस: (४०.५०*०.४९*०.०७) र (४०.५०*०.५*०.०७) दिई वालको लम्बाई र चौडाई भन्दा बढी परिमाणमा भुक्तानी दिई १.५९ घन मिटर को पि सि सि को भुक्तानी गर्नुपर्नेमा २.८ घन मिटर को भुक्तानी गरी प्रति घन मिटर रु.१०४१० दरले बढी भुक्तानी भएको रु. १२४९२ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,४९२ |

३३ **कार्यक्रम सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ को उपनियम ७ र ८ मा सरकारी निकायबाट कुनै तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने, स्वीकृत कार्यक्रम अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङ्ख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ। पालिकाले विभिन्न कार्यक्रम सञ्चानलको भुक्तानी दिँदा कार्यक्रम सञ्चालन गर्नु अघि पेश गर्नुपर्ने कार्यालय प्रमुखबाट स्वीकृत प्रस्तावना, कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङ्ख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन लगाएतको प्रमाण संलग्न नराखि भुक्तानी गरेको छ। जसका केही उदाहरणहरु निम्नानुसार छन्। पालिकाले आगामी दिनमा कार्यक्रम सञ्चालन गर्दा कानुनबमोजिम गर्नुपर्छ।

| **गो. भौ. नं.।मिति** | **विवरण** | **भुक्तानी पाउने** | **कुल भुक्तानी रकम** |
|---|---|---|---|
| २०१/२०८२/०१/२६ | श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन | समिर गौतम | ७३८१५ |
| २०२/२०८२/०१/२६ | श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन | समिर गौतम | ७४८७० |
| **जम्मा** | | | **१४८६८५** |

३४ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले रकम खर्च गर्दा उपयुक्त प्रमाण कागजात पेश गरी त्यसको औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना अन्तरगत कार्यक्रम सञ्चालनको रकम भुक्तानी गर्दा रु. ५७४०० को बिल भरपाई पेश भएकोमा रु. ६४४०० भुक्तानी गरेकाले बढी भुक्तानी भएको रकम सम्बन्धिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,००० |

३५ **आदेश बेगर खरिद**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४ मा अधिकारप्राप्त अधिकारीको लिखित आदेश बिना कसैले कुनै खरिद गर्न गराउन नहुने उल्लेख छ। पालिकाले खरिद आदेश बेगर फोरसाईट टेक्नोलोजी संग विभिन्न रोजगार सामाग्री रु.२९२६४१ मा खरिद गरि दाखिला प्रतिवेदन तथा वितरण भरपाई समेत नराखि वितरण उक्त सामाग्री सम्बन्धितलई वितरण गरेको भनि वितरण गरेका केही फोटो

मात्र संलग्न राखि भुक्तानी गरेको छ। पालिकाले आगामी दिनमा सामाग्रीहरु खरिद गरि वितरण गर्दा खरिद आदेश, दाखिला प्रतिवेदन तथा वितरण भरपाई संलग्न राखि गर्नुपर्छ।

३६ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार ५० लाखसम्म लागत अनुमान भएको औषधी खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै नियमावलीको निमय १० अनुसार सार्वजनिक निकायले बार्षिक १० लाख भन्दा बढीको खरिद कार्य गर्न खरिद योजना तयार गरी सोहि अनुसारको खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १ पटक इ विड र अर्को पटक मूल्यसुचि माग गरी निम्नानुसारको औषधि खरिद गरी रकम भुक्तानी गरेको छ।

| गा भौ नं र मिति | सप्लायर्यको नाम | खरिद आइटम | भुक्तानी रकम |
|---|---|---|---|
| ८०।०८१।८।१६ | त्रिदेव मेडिसिन सप्लायर्स | २१ थान | ९९९००० |
| ९७।०८१।९।२९ | मानसरोबर मेडिहेल्थ प्रा ली | ७९ आइटम | १८३९६८२ |
| जम्मा | | | २८३८६८२ |

- गाउँपालिकाकालाई आवश्यक पर्ने औषधि खरिद र अन्य सरकार तथा निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति गर्ने तथा आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको छाप लगाउनु पर्नेमा खरिद गरेको औषधीको नमूना परीक्षण गर्दा औषधीको निर्माण गर्दाको बखत नै Institutional Supply उल्लेख गरेको, निर्माण मिति समाप्त हुने मिति सबै एउटै छपाई गरेको देखिएकोले आपूर्तिकर्ताले औषधि कम्पनिले बाह्य बिक्रि र संस्थागत आपूर्तिको लागि फरक फरक औषधि उत्पादन गरेको भण्डार दाखिला समयदेखि कम्तीमा ७५ प्रतिशत वा १८ महिना वाँकी हुनुपर्नेमा नमूनागत छनौट गर्दा आपूर्ति गरी औषधि दाखिला गर्दाको बखत उक्त औषधिको बाँकी म्याद औषधिको कुल अवधिको ७५% नरहेकोले आदि कमिकमजोरी देखिएकोले आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।
- पालिकाले ७९ वटा आइटमको औषधि खरिदको लागि रु ४९७१०६३ को लागत अनुमा तयार गरी खरिद प्रक्रिया अगाडि बढाएको अवस्थामा रु १८ लाख३९ हजार ६८२ मा औषधि आपूर्ति भएको देखिएकोले औषधि तोकिए अनुसारको गुणस्तरमा प्राप्त भए नभएको सम्वन्धमा पालिकाबाट कुनै परीक्षण नगरिएको देखिएकोले उक्त औषधिहरु गुणस्तर भए नभएको यकिन नभएको हुदा आगामी दिनमा औषधिको गुणस्तर परिक्षण गरेरमात्र वितरण गर्नुपर्दछ।

३७ **पकेट विकास कार्यक्रम**

कर्णाली कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ तथा सुन्तलाजात फलफूल खेती उन्नत तथा बगैँचा व्यवस्थापन अनुसार यस वर्ष प्रदेश सरकाबाट पकेट विकास कार्यक्रम अनुसार देहायका दुई फर्मलाई रु.२९९९७४४।– अनुदान भुक्तानी गरेको छ। पालिकाले सुन्तला खरिद, ढुवानी विषादी र मल खरिदमा अनुदान दिएको छ । पालिकाले अनुदान दिँदा खरिद कार्यको कोटेशन माग नगरी गरेको, वृक्षारोपणको लागि अनुदान दिएकोमा टिप्ने साधन खरिद गरेको , गोठ मलसमेतमा अनुदान ५० प्रतिशत अनुदान दिएको, विरुवाको गुणस्तर परीक्षण गरेको प्रमाण संलग्न नगरेको देखिएन । साथै वृक्षारोपण गरेपश्चात् त्यसको दिगो विकासको लागि कृषक समूहलाई जिम्मेवार बनाउने तथा पालिकाले नियमित कार्यक्रमसमेत राखेको देखिएन । अनुदान दिदाँ दिगो र व्यावसायिक उत्पादनमा गर्ने योजना भएका कृषक छनौट गरी सोको नियमित अनुगमन गर्नु पर्दछ ।

| विशाल कृषक समुह बाँफिकोट गाँउपालिका ८ रुमुम पश्चिम | | | | |
|---|---|---|---|---|
| क्र.स. | कारोवारोको विवरण | रकम | कार्यालयले व्यहोर्ने | कृषकले व्यहोर्ने |
| १ | विरुवा खरिद | १७९६०० | ८९८०० | ८९८०० |
| २ | विरुवा ढुवानी | ३०००० | ३०००० | |
| ३ | औजार उपकरण र जैविक विषादी तथा मल खरिद | ५९६२५० | २९८१२५ | २९८१२५ |
| ४ | प्राङगारिक/गोठेमल | ४००००० | २००००० | २००००० |
| ५ | जग्गा सरसफाई, खनजोत, खाडल निर्माण तथा विरुवा रोपण | ८००६२५ | ४००३१३ | ४००३१३ |
| ६ | सिचाई निर्माण | ४९८९०९ | ३७४१८२ | १२४७२७ |
| ७ | होडिङ वोर्ड निर्माण | ५००० | २५०० | २५०० |
| ८ | सुन्तलाजात फलफूल खेति तालिम | ५०००० | ५०००० | |
| ९ | अनुगमन खर्च | ५५००० | ५५००० | |
| | | २६१५३८४ | १४९९९१९ | १११५४६५ |

| हरियाली कृषक समूह बाँफिकोट गाँउपालिका ६ रुमुम पश्चिम | | | | |
|---|---|---|---|---|
| क्र.स. | कारोवारोको विवरण | रकम | कार्यालयले व्यहोर्ने | कृषकले व्यहोर्ने |
| १ | विरुवा खरिद | २०२०५० | १०१०२५ | १०१०२५ |
| २ | विरुवा ढुवानी | ३०००० | ३०००० | |
| ३ | औजार उपकरण र जैविक विषादी तथा मल खरिद | ४२२६०० | २११३०० | २११३०० |
| ४ | प्राङगारिक/गोठेमल | ४५०००० | २२५००० | २२५००० |
| ५ | जग्गा सरसफाई, खनजोत, खाडल निर्माण तथा विरुवा रोपण | ९१८६६० | ४५०००० | ४६८६६० |
| ६ | सिचाई निर्माण | ५०२५५४ | ३७५००० | १२७५५४ |
| ७ | होडिङ वोर्ड निर्माण | ५००० | २५०० | २५०० |
| ८ | सुन्तलाजात फलफूल खेति तालिम | ५०००० | ५०००० | |
| ९ | अनुगमन खर्च | ५५००० | ५५००० | |
| | | २६३५८६४ | १४९९८२५ | ११३६०३९ |

### ३८ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ को नियम ७७ मा हिमाली क्षेत्रको सामुदायिक विद्यालयमा सामान्यतया प्रत्येक कक्षामा ४० जना विद्यार्थी हुनुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात न्यूनतम ५ सम्म रहेको देखिन्छ। पालिकाले भौगोलिक विकटता विद्यार्थीको अनुकुलता समेतलाई ध्यानमा राखि विद्यालय आपसमा गाभेर गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### ३९ अनुदानको उपयोग

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्ययोजना कार्यान्वयन पुस्तिका २०८१।८२ को अनुसार पाठ्य पुस्तक अनुदान दिदाँ IEMIS मा प्रविष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्याथीहरूको यथार्थ तथ्याङ्क्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी अनुदान दिने व्यवस्था छ। पालिकाले लेखापरीक्षणको क्रममा केही नमूना विद्यालयको हाजिर परीक्षण गर्दा देहायका विद्यालयहरुको हाजिर,पाठ्यपुस्तक वितरण भरपाई भन्दा IEMIS को तथ्याङ्क बढी राखी प्रति विद्यार्थी अनुदान भुक्तानी गरेको देखियो । अतः बढी संख्यामा प्रविष्टि र सोको सत्यापन नगरी पाठ्य पुस्तकमा बढी भुक्तानी भएको सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु**.**

| **क्र. सं.** | **वडा नं.** | **विद्यालयकोनाम** | **कुलजम्मा** |
|---|---|---|---|
| १ | ६ | अनु आधारभतविद्यालय | ५८९६ |
| २ | ५ | बाल विकासआधारभुत विद्यालय | ९८०१ |
| ३ | ४ | बाल कल्याणमाध्यामिक विद्यालय | ३४८१ |
| ४ | ९ | बाल सेवाआधारभुत विद्यालय | ६१६२ |
| ५ | ४ | विरेन्द्रमाध्यामिक विद्यालय | १५१०३ |
| ६ | २ | दिपेन्द्रआधारभुत विद्यालय | ९२८२ |
| ७ | १० | एकताआधारभुत विद्यालय | ९६५२ |
| ८ | ७ | हिमालयनमुना आधारभुत विद्यालय | २२९८ |
| ९ | १ | जन एकतामाध्यामिक विद्यालय | १४६६९ |
| १० | ९ | जन कल्याणमाध्यामिक विद्यालय | १२२७३ |
| ११ | २ | जन कल्याणमाध्यामिक विद्यालय | १६७६५ |
| १२ | २ | जन निर्माणआधारभुत विद्यालय | ६७५६ |
| १३ | ३ | जनहितआधारभुत विद्यालय | ४७४६ |
| १४ | ६ | लक्ष्मीआधारभुत विद्यालय | ३५८३ |
| १५ | ७ | नवज्योतिआधारभुत विद्यालय | २३७९ |
| १६ | ८ | नेपालराष्ट्रिय माध्यामिक विद्यालय | ७५७४ |
| १७ | ६ | सिद्धार्थजनता माध्यामिक विद्यालय | २१०३१ |
| १८ | ३ | स्यार्पुतालमाध्यामिक विद्यालय | १३४५४ |
| **जम्मा** | | | **१६४९०५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,९०५ |

४० **विद्यालयको लेखापरीक्षण प्रतिवेदन**

शिक्षा नियमावली, २०५९ को नियम १७१ मा लेखापरीक्षक नियुक्ती गरी लेखापरीक्षण गराउने व्यवस्था छ । शिक्षा युवा तथा खेलकुद विकास शाखामा सामुदायिक विद्यालयहरुले आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन पेस गरेको देखियो । उक्त माध्यमिक विद्यालयका लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा विद्यालयलाई निकासा गरेको शसर्त र गाउँपालिकाको स्रोत सालबसाली रुपमा खर्च गर्नुपर्ने रकम खर्च नगरी विद्यालयको खातामा राखेको देखिएकोले खर्च नभएको रकम रु. ६२२३३७।– विद्यालयबाट असुल गर्नु पर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | विवरण | अनुदान रकम | खर्च रकम | फरक | गत वर्षको बेरुजु | फिर्ता गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|
| १ | विरेन्द्र माध्यामिक विद्यालय | पाठ्यपुष्तक | ५३०६४४ | ३९८४३८ | १३२२०६ | ० | १३२२०६ |
| | | दिवा खाजा | ३२३०५५ | २३५६०० | ८७४५५ | ४७०१५ | ४०४४० |
| २ | बालकल्याण माध्यामिक विद्यालय | दिवा खाजा | ३१५०९० | २८४४८० | ३०६१० | २३६० | २८२५० |
| | | छात्रवृत्ति | ३५१०० | २८८०० | ६३०० | | ६३०० |
| | | तलब | ५९३०३७८ | ५७५७५९३ | १७२७८५ | | १७२७८५ |
| ३ | जनएकता माध्यामिक विद्यालय | दिवा खाजा | ४६७२८० | २६३१०० | २०४१८० | ३७११० | १६७०७० |
| ४ | श्री जनकल्याण माध्यामिक विद्यालय पुराना गाउँ | शौचालय | ७०८८१ | ६०००० | १०८८१ | | १०८८१ |
| ५ | श्री जनकल्याण माध्यामिक विद्यालय जिपु | छात्रवृत्ति | ८१६०० | ७४६०० | ७००० | | ७००० |
| | | सिकाइ सामाग्री तथा विविध | ४३५२७० | ३७७८६५ | ५७४०५ | | ५७४०५ |
| कुल जम्मा | | | ८४५७२१३ | ७७४४९७१ | ७१२२४२ | ८६४८५ | ६२२३३७ |

| असुल गर्नुपर्ने | ६,२२,३३७ |
|---|---|

४१ **सामुदायिक सिकाई केन्द्र**

सामुदायिक सिकाई केन्द्र संचालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७८ को बुदा नं १३ अनुसार केन्द्रले सूचना प्रविधिसहितको साक्षरता तथा निरन्तर शिक्षा, प्रारम्भिक बाल विकास तथा शिक्षा,वैकल्पिक विद्यालय शिक्षा तथा सिकाइ कार्यक्रम,सिप विकास तालिम, वचत तथा ऋण परिचालन,सामुदायिक विकास, नागरिक शिक्षा, मानव अधिकार शिक्षा र अभिभावक शिक्षा,कानुनी साक्षरता शिक्षा, भेदभाव तथा लैङ्गिक हिंसा विरुद्धका जनचेतनामूलक कार्यक्रम, वातावरणीय संरक्षण तथा संवर्धन कार्यक्रम, सामुदायिक सरसफाइ तथा स्वास्थ्य शिक्षाका क्रियाकलापहरू, खेलकुद,व्यावसायिक तालिम र कला, साहित्य, संस्कृति, बालविकास तथा मनोरञ्जनात्मक क्षेत्रका कार्यक्रम संचालन गर्ने र सो मापदण्डको बुँदा नं १६ अनुसार वर्षान्तमा सम्पूर्ण क्रियाकलापको विवरण देखिने गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले ३ वटा सामुदायिक सिकाई केन्द्रलाई प्रति केन्द्र रु. १३०००० का दरले रु. ३९०००० भुक्तानी गरेकोमा सामुदायिक सिकाई केन्द्रले संचालन गरेको कार्यक्रमको विवरण सहित क्रियाकलाप विवरण तथा सोको लक्ष र उपलब्धि समेत देखिने गरी भुक्तानी दिनुपर्दछ । पालिकाले यस्ता कार्यक्रमका सम्बन्धमा पुनर्विचार गर्नुपर्दछ।

४२ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **१५,९५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४३ **नयाँ पकेट कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ मा तोकिएको पकेट, ब्लक, जोन र सुपर जोनमा सञ्चालन हुने कृयाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक बढिमा कृषि उत्पादन सामाग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा, भुरा, पशु, नश्ल लगाएत) मा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिने उल्लेख छ। पालिकाले अनुदान उपलब्ध गराउन गरेको निर्णयमा समेत प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल अनुसार ५० प्रतिशत रकम कृषक/

कृषक समुह सहकारी मार्फत जुटाई कार्यक्रम सम्पन्न गर्ने निर्णय गरि अनुदान रकम वितरण गर्ने उल्लेख छ। पालिकाले रोजिना बाख्रा फर्मबाट जमुनापारी बाख्रा ४३ थान र बोयर बाख्रा ५ थान गरि प्रति किलो ६५० का दरले १२३० किलो ब्राखा रु ७ लाख ९९ हजार ५०० र १ थान ३५ किलो बोयर क्रस बोका प्रति के जी रु १००० का दरले जम्मा रु. ३५ हजार गरि कुल रु. ८३४५०० खरिद वापत सानोभेरी बाख्रापालन कृषक समूहलाई रु ५४५२९२ तथा मल्ल कृषि तथा पशुपञ्छी फार्मबाट २२ थान प्रतिकिलो रु.६५० का दरले ६९२ किलो जमुनापारी बाख्रा र प्रतिकिलो रु १००० का दरले ३५ किलो जमुनापारी बोका गरि कुल रु ४४९८०० खरिद वापत सरस्वती महिला बाख्रापालन समूहलाई रु २६२१६७ अनुदान वितरण गर्दा उक्त फर्म तथा समूहलाई तोकिएको ५० प्रतिशत भन्दा बढी रकम साझेदाखरी वापत भूक्तानी गरेको छ। यसरी साझेदारी वापत बढी भूक्तानी भएको निम्नानुसारको रकम असुल उपर गर्नुपर्ने रु.

| गो. भौ. नं.।मिति | बाख्राकोजात र खरिद संख्या | भुक्तानी पाउने | बाख्राखरिद मूल्य | | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढीभुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ३११/२०८२/०३/२३ | ४८ थान जमुनापारी बाख्रा १ थान बोयर क्रस बोका | सरस्वतीमहिला बाख्रापालन समूहलाई | ४८४८०० | | २४२४०० | २६२१६७ | १९७६७ |
| ३१२/२०८२/०३/२३ | जमुनापारीबाख्रा ४३ थान र बोयर बाख्रा ५ थान | सानोभेरीबाख्रापालन कृषक समूहलाई | ८३४५०० | | ४१७२५० | ५४५२९२ | १२८०४२ |
| ३१३/२०८२/०३/२३ | खरी बाख्रार जमुनापारी बोका | बडाखेतबाख्रापालन कृषक समुह | ८४२२५० | | ४२११२५ | ५४५२९२ | १२४१६७ |
| ३१४/२०८२/०३/२३ | बोयर क्रसबोका | जोसेफबाख्रापालन फर्म | ३१००० | | १५५०० | २१६०० | ६१०० |
| ३१५/२०८२/०३/२३ | बोयर क्रसबोका | सुशान्तबाख्रापालन फर्म | ३१००० | | १५५०० | २१६०० | ६१०० |
| **जम्मा** | | | **२२२३५५०** | | **१११११७७५** | **१३९५९५१** | **२८४१७६** |
| | | | | | | असुल गर्नुपर्ने | २,८४,१७६ |

४४ **न्यानो झोला** (१०२/ २०८१/०९/२९-):

स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन २०८१। ८२ मा न्यानो झोला आपूर्ति भै सकेपछि स्थानिय तहले Specification अनुसार गुणस्तर भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले न्यानो झोलाको खरिद गर्दा Specification बमोजिम भए नभएको सम्बन्धमा एकिन गर्न गुणस्तर जाँच गरेको प्रमाण संलग्न नराखि न्यानो झोला खरीदको रकम देवदत्त मेडिको लाई रु. २२३१७५ भुक्तानी गरेको छ। पालिकाले आगामी दिनमा यस्ता सामाग्री खरिद गर्दा गुणस्तर जाँच गराई खरिद गरिएको सामाग्री तोकिएको गुणस्तरको भएको एकिन गरि भुक्तानी दिनुपर्छ।

४५ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

४५.१ पालिकाले कर्णाली प्रदेश मुख्यमन्त्री रोजागार कार्यक्रमको लागि मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७८ अनुसार १० वटा आयोजना छनौट गरी कार्यान्वियन गरेकोमा कार्यविधि अनुसार बाह्य सामाग्री तथा स्थानिय सामाग्रीको छुट्टै विवरण तयार गर्नुपर्ने तथा अदक्ष कामदारको ज्याला र अनुसुचि ५ अनुसार तोकिए अनुसारको प्रतिशतमा ज्याला तथा सामाग्रीमा रकम खर्च गर्न सकिनेमा पालिकाले स्थानीय तहको सामाग्रीको रोयल्टी नतिरेको तथा स्थानिय सामाग्री को मूल्य नतिरेको अवस्थामा समेत उक्त सामाग्रीको जिल्लादररेट अनुसार मूल्य दिई निम्नानुसारको कार्यको बढी मूल्य भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ नं र मिति | योजनाको नाम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| ५८। ०८२। ३।२४ | दमदाली माख्राम गुन्टाली खानेपानी निर्माण वडा नं ९ | १०८९३०५ | ११७९३१० | ९०००५ | ज्यालामा कुल बजेट को ४० प्रतिशत रु ६ लाख दिनुपर्ने र सामाग्री खरिदको मूल्य जम्मा रु ४ लाख ९० हजार मात्र पेश गरेको |
| ७०। ०८२। ३।२५ | एकता मा. वि घेरावार तथा फिल्ड निर्माण | १२३२५२६ | १४२३३२६ | १९०८०० | ज्याला ज्यामी बापत रु ५ लाख ३८ हजार र सामाग्री खरिदको रु ६ लाख ९६ हजार भुक्तानी दिनुपर्नेमा स्थानीय सामाग्रीको समेत रकम भुक्तानी |
| ६९। ०८२। ३।२५ | काँडा आधारभुत स्वास्थ्य केन्द्र इकाईको दोस्रो तला निर्माण | १०९०७४३ | १३८९६९२ | २९८९४९ | श्रम ज्यालामा रु ३ लाख ५५ हजार र सामाग्री खरिदको विजक अनुसार रु ७ लाख ३८ हजार भुक्तानी दिनुपर्नेमा स्थानीय सामाग्री रोयल्टी बुझाएको प्रमाण तथा विजक पेश नगरिकनै सामाग्रीको रकम भुक्तानी |
| ६८। ०८२। ३।२५ | नजज्योती आ वी भवन निर्माण | १११६९५३ | १३६५४९६ | २४८५४३ | श्रम ज्यालामा रु ४ लाख ९१ हजार र सामाग्रीको विल रु ६ लाख २५ हजार भुक्तानी दिनुपर्नेमा स्थानीय सामाग्री तथा ल्यावरमा बढी रकम भुक्तानी भएको |
| ६७। ०८२। ३।२२ | दुलिङ्गा बाहुनबारा खानेपानी निर्माण | ११८३६७० | १२६३९७८ | ८०७९९ | श्रम ज्यालामा रु ५ लाख ८३ हजार र सामाग्रीको विलमा रु ६ लाख भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी भएको |
| २८। ०८२। ३।१६ | एकता आ वि भवन वडा नं १० | ८७११२२ | १३८३०३७ | ५११९१५ | श्रम ज्यालामा रु ३ लाख ५५ हजार र सामाग्री खरिदमा रु ५ लाख १५ हजार भुक्तानी गर्नुपर्नेमा स्थानीय सामाग्री तथा बढी श्रमिक ज्याला भुक्तान । |
| १५। ०८२। ३।१२ | आधारभुत स्वास्थ्य सेवा केन्द्रको दोस्रो तला निर्माण | १३३६५०२ | १४००२९८ | ६३७९६ | श्रम ज्यालामा रु ५ लाख १६ हजार र ५ लाख ९० हजार भुक्तानी दिनुपर्नेमा सो भन्दा बढी भुक्तानी भएको |
| १६। ०८२। ३।१२ | वडा नं ३ को घेरावार तथा प्रतिक्षालय निर्माण | ११०७१३४ | १४१५२५२ | ३०८११८ | श्रम ज्यालामा रु ५ लाख १६ हजार र ५ लाख ९० हजार भुक्तानी दिनुपर्नेमा सो भन्दा बढी भुक्तानी भएको |
| ४९। ०८२। ३।२२ | थारकाट्टे काक्रीवाङ प्यालचिउरी वसेनी गैरा कृषि सडक निर्माण वडा नं २ | ९८८८८० | १२७६४०८ | २८७५२८ | न्लामा रु ७ लाख ५० हजार र सामाग्री खरिद बापत रु २३८८८० भुक्तानी दिनुपर्नेमा सो भन्दा बढी भुक्तानी भएको। |
| जम्मा | | | | ९०९०९६ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,०९,०९६ |

४५.२ मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को बुदा नं ३ अनुसारका कार्यक्रममा मात्र योजना संचालन गर्नुपर्नेमा कार्यालयले गौ भौ नं १६।०८२।३।१२ बाट वडा कार्यालय भवन निर्माण कार्य गरेको भनी रु १४ लाख ३१ हजार भुक्तानी दिई कार्यविधि विपरितको क्षेत्रमा खर्च गरी अनियमित भएको हुदा पालिकाले योजना माग गर्दा कार्यविधि अनुसारको योजना माग गर्नुपर्दछ।

## ४६ रोजगार कार्यक्रम संचालन

पालिकाले रोजगारी सृजनाको लागि नेपाल सरकारको स्रोतबाट रु ३१ लाख ४४ हजार बजेट विनियोजन भएकोमा रु २५ लाख २० हजार र आइ डि ए स्रोत अन्तर्गत रु २७ लाख ८४ बजेट विनियोजन भएकोमा रु २७ लाख ६७ हजार खर्च गरेको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

**कार्यविधि विपरित निर्माण सामाग्रीको भुक्तानी:** रोजगारी सृजना कार्यविधिमा रोजगारी सिर्जना कार्यक्रममा विनियोजन भएको रकमबाट अदक्ष कामदारको मात्र ज्याला दिनुपर्ने र अन्य आवस्यक दक्ष जनशक्ति, निर्माण सामाग्रीको लागत साझेदारी स्थानीय तहबाट साझेदारी गर्नुपर्ने उल्लेख छ। पालिकाले रोजगारी सिर्जनाको लागि नेपाल सरकारको स्रोतबाट रु.३१ लाख ४४ हजार बजेट विनियोजन भएकोमा रु.२५ लाख २० हजार र आइ डि ए स्रोत अन्तर्गत रु.२७ लाख ८४ बजेट विनियोजन भएकोमा रु २७ लाख ६७ हजार खर्च गरेको देखियो।पालिकाले निर्माण सामाग्रीको साझेदारी नगरी सबै संघीय सशर्तबाट खर्च लेखेको देखियो । अतः कार्यविधि अनुसार स्थानीय तहबाट साझेदारी नभएको निर्माण सामग्री बापतको रकम संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु.

| गो भौ नं र मिति | योजनाको नाम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| ३००। ०८२। ३।१९ | छरिखेत भिराढाँडा खानेपानी निर्माण | २५६७३७ | ४३११८४ | १७४४४७ | स्थानीय सामाग्रीको रकम पालिकाले लागत साझेदारी गर्नुपर्नेमा संघीय बजेट बाट खर्च लेखेको |
| ३०१। ०८२। ३।२० | हरि आ वि बास्थला घेराबार | २८६७६७ | ३५१४७० | ६४७०३ | सोलिङ्ग तथा सुख्खा गाहो लगाउने कार्यको लागि ढूङ्गा बालुवा सकेतको मूल्य संघबाट खर्च लेखेको |
| ३०२। ०८२। ३।१० | लक्ष्मी मा वि जिप्सम घेरावार | २३३१८७ | ४२०३१४ | १८७१२७ | पि सि सि तथा सोलिङ्ग र वाल लागाउने कार्यमा स्थानीय सामाग्री तथा अन्य सामाग्रीको रकम भुक्तानी |
| ३०३। ०८२। ३।२० | दुलि पोखरी मैनेरी सडक मर्मत | २८१०२० | ३९१३२७ | ११०३०७ | सोलिङ्ग तथा सुख्खा गाहो लगाउने कार्यको लागि ढूङ्गा बालुवा सकेतको मूल्य संघबाट खर्च लेखेको |
| ३०७। ०८२। ३।२१ | दाङ सल्लेधारा भुवाटाकुरा सडक निर्माण | २१६१७४ | ३३६२५१ | १२००७७ | सोलिङ्ग तथा सुख्खा गाहो लगाउने कार्यको लागि ढूङ्गा बालुवा सकेतको मूल्य संघबाट खर्च लेखेको |
| २७१। ०८२। ३।११ | जामिनकाट्टे कालीबोट देखि बौलीखोला सिडी बाटो | २०२६९२ | २३४०७२ | ३१३८० | सिडी निर्माणमा ढुङ्गा तथा सिमेन्टको मूल्य भुक्तानी |
| २७२। ०८२। ३।२१ | मच्दिन्द्र आ वि घेरावार मच्छिन्द्र मन्दिर मर्मत र रंगरोगन | १२०३६६ | २४२७६७ | २४२७६७ | सामाग्री खरिदको मूल्य समेत भुक्तानी भएको। |
| २६०। ०८२। ३।७ | सानीदह भेट्ने गारे गोरेटो बाटो निर्माण | १७५४६५ | १८६२४२ | १०७७७ | स्थानीय निर्माण सामाग्रको मूल्य दिएको |
| २६७। ०८२। ३।९ | रातापानी कालेढाँर सडकमा तारजाली तथा बराखोला गिठामुरा खानेपानी र दहखोला सुवाखोला सिंचाई मर्मत | २७९८१५ | २९२७७० | १२९५५ | ग्याविङ्ग भर्ने कार्यमा ढुङ्गाको रकम भुक्तानी |
| २६९। ०८२। ३।९ | बलान्ना राम्चेडाँडा मोटरबाटो निर्माण | १५०४१५ | २८४०७४ | १३३६५९ | पि सि सि सोलिङ्ग तथा वाल को कार्यमा स्थानिय सामाग्रीको रकम भुक्तानी |
| २४२। ०८२। ३।७ | हिमालयन | २२५८१३ | २३२६२२ | ६८०९ | पि सि सि सोलिङ्ग तथा वाल को कार्यमा स्थानिय सामाग्रीको रकम भुक्तानी |
| जम्मा | | | | १०९५००८ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,९५,००८ |

४७ **सम्भाव्यता उत्पादनको उत्पादकत्व:**

पालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०७४ मा छोटो अवधिका लघु उद्यम तालिम सञ्चालन गर्ने व्यवस्था छ ।पालिकाले लघु उद्यम विकास कार्यक्रम १५ दिने बुढा बुनाई कार्यक्रम र ३० दिने सिलाई बुनाई कार्यक्रम सञ्चालन तथा पि आर ए उद्यमशिलता अध्ययन कार्यक्रम सञ्चालन गरे बापत देहाय अनुसारभुक्तानी दिएको देखियो ।पालिकाले तालिम अवधिको तालिममा समावेश हुने विषयवस्तु समावेश भएको कार्यक्रम कार्यतालिका नराखेको , सीपमूलक कक्षा सञ्चालन गरेको प्रमाण राखेको छैन, कार्यपत्र प्रति श्रेस्ता साथ राखेको देखिएन । तालिम सञ्चालन गर्दा कार्यविधि परिपालना गरी गर्नुपर्दछ ।

| गो.भौ.नं. | कर्यक्रमको नाम | भुक्तानी रकम रू | तालिमको नाम | प्रशिक्षकको नाम | दिन | प्रशिक्षक भत्ता रू | यातयात खर्च रू |
|---|---|---|---|---|---|---|---|
| २९०।०८२।३।१७( संघीय हस्तान्तरित चालु) | सम्भाव्यता उत्पादनको उत्पादकत्व | ३६५३४५ | सिलाई बुनाई तालिम | | ३० | २६००० | २००० |
| | | | मुढा बुनाई तालिम | निर्मला पुन: | १५ | २२५०० | २००० |
| ४५२।०८२।३।१७ पालिका चालु | जनजाति लक्षित कार्यक्रम नेपाल आदीबासी महासंघ गाँउ समन्वय परिषद | २९९९६८ | ३० दिने मुढा बुनाई सिलाई तालिम | दिपा विष्ट | ३० | ३६००० | ० |

## ४८ सामाजिक सुरक्षा

गाउँपालिकाको लागि यस बर्ष सामाजिक सुरक्षा शिर्षकमा रु. ८७७८२९२०.०० बजेट विनियोजन भई रु. ८७४०४९१.०० निकासा भई रू. ८७४७०४९१.०० खर्च भई बाँकी रु.३१२४२९.०० रकम सहितको श्रेस्ता परीक्षण गर्दा देहायको व्यहोरा पाईयो।

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि ,२०७७ को बुंदा ३० मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंङ्कबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरि सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले लाभग्राहीहरूको भत्ता वितरण प्रभु बैंक र लक्ष्मी सनराईज बैंक लिमिटेडबाट गर्दै आएको छ । आ.व २०८१/८२ मा सेवाग्राहीको खातामा जम्मा भएको तर मृत्यु लगातयका कारणले भत्ता वितरण नभएको रू. १४१६४७ देखिन्छ। तसर्थ, गाउँपालिकाले त्यस्ता लाभग्राहीको विवरण सेवाप्रदायक वैंकहरू प्रभु बैंक र लक्ष्मी सनराईज बैंक लिमिटेडसँग प्राप्त गरी लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिहरूको छानविन गरी स्पष्ट रूपमा नामनमेसी खुल्ने गरि भत्ता रकम संघीय संचित कोषमा फिर्ता/ दाखिला गर्नुपर्दछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ वमोजिम लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरि लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको प्रत्येक त्रैमासिक अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन ।जसले गर्दा निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यू भई लाभग्राही सूचिवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो ।लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ।

## ४९ राष्ट्रिय माध्यमिक विद्यालय दुलीपोखरा (१७।२०८२।३।१२- प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम-2081-03-12):

**बढी भुक्तानी**– सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक मूल्याकंन बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्ने व्यवस्था छ। पालिका र नेपाल राष्ट्रिय माध्यमिकविद्यालय दुलीपोखराबिच मिति २०८१।९।७ सम्झौता भई निर्माण कार्य गरे बापत रु.२४०५०३०।– भुक्तानी भएको

देखियो । उपभोक्ता समितिको निर्माण कार्यको नापी गरी परिमाण गणना गर्दा गारोको काममा (random rubble stone masonry work 1:6) मा ग्रिडको लम्बाईमा कोलम घटाएको देखिएन । अतः बढी भुक्तानी भएको रु. ६२९४८.६६ असुल गर्नु पर्ने रु.

| **विवरण** | **दिएको परिमाण** | | | | | **दिनुपर्ने परिमाण** | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **संख्या** | **लम्बाई** | **चौडाई** | **उचाई** | **जम्मा** | **संख्या** | **लम्बाई** | **चौडाई** | **उचाई** | **जम्मा** | **कैफियत** |
| **toe wall** | | | | | | | | | | | |
| Grid1-1,2-2 and 3-3 | ३.०० | १०.३५ | ०.३० | १.२५ | ११.६४ | ३.०० | ९.३० | ०.३० | १.२५ | १०.४६ | गारोमा कोलम चौडाई नघटाएको |
| GridA-A, B-B, & C-C | ३.०० | ९.३५ | ०.३० | १.२५ | १०.५२ | ३.०० | ८.३० | ०.३० | १.२५ | ९.३४ | |
| ground floor | | | | | | | | | | | |
| Grid1-1,2-2 and 3-3 | २.०० | १०.३५ | ०.३० | २.७५ | १७.०८ | २.०० | ९.३० | ०.३० | २.७५ | १५.३५ | |
| GridA-A, B-B, & C-C | २.०० | ९.५० | ०.३० | २.७५ | १५.६८ | २.०० | ८.४५ | ०.३० | २.७५ | १३.९४ | |
| | | | | | ५४.९२ | | | | | ४९.०९ | |
| **फरक परिमाण घन मिटर** | | | | | | | | | | **५.८३** | |
| प्रतिघन मिटर दर रु.मा | | | | | | | | | | १०८०२.०० | |
| जम्मा रकम रु. | | | | | | | | | | ६२९४८.६६ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,९४८ |

५० **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर विभिन्न देहायका सफ्टवेयरमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली अनुसार रु.१८३७३८०।- खर्च गरेको देखियो।सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर संचालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

| संकेत नं. | विवरण | परिमाण | रकम |
|---|---|---|---|
| ६११३२३१००००३ | ई एटेन्सेन्स | १ | ४९७२०० |
| ६११३२३१००००३ | नाम उल्लेख नभएको सफ्टवेयर | २ | १३४०१८० |
| | | | |
| | जम्मा | ३ | १८३७३८० |

५१ **बालकल्याण मा.वि सिम्तारू निर्माण** (३९।२०८२।३२०- प्रदेश सरकाबाट हस्तान्तरित कार्यक्रम-2082-03-20):

सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक मूल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्ने व्यवस्था छ। बालकल्याण मा.वि. निर्माण उपभोक्ता समिति र पालिकाबिच भएको मिति २०८१।९।२६ मा सम्झौता भई रु. २३६७०५८।– भुक्तानी भएको देखियो । यस योजनामा प्राविधिक कर्मचारीले नापी किताबमा देहाय आइटममा फरक पारी नापी गरी बढी भुक्तानी भएको गरेको देखियो । अतः बढी भुक्तानी भएको रु. ८०९७२ असुल गर्नु पर्ने रु.

| विवरण | परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|
| Plain cement concrete PCC for RCC | 4*5.675*0.125=2.84 | १६२७७.५ | ४६०८६.१ | ढलानमा भर्याङ्गको क्षेत्रफल नघटाएको |
| Super structure of wall Ground floor | २.४ | १०६०३.७७ | २५४४९ | लिन्टेल र सिल ब्याण्ड नघटाएको |
| | ०.८९ | १०६०३.७७ | ९४३७ | कोलम र गारोको हाइट फरक |
| | **जम्मा** | | **८०९७२** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,९७२ |

५२ **उपभोक्ता समितिलाई ओभरहेड** (३८।२०८२।३।२०- प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम-2082-03-20):
सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दामूल्यअभिवृद्धि करओभरहेड कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले ढारखेत वगरखेत सिचाँई योजना निर्माण उपभोक्ता समिति-४ र पालिकाबिच सम्झौता भई रु. १४२४२५९।– भुक्तानी भएको देखियो । उपभोक्ता समितिलाई सम्झौता गर्दा लागत अनुमान गर्दा Packing and filling of gabion cretes (2*1*1)को २१.३४ घन मिटरको दर विश्लेषण अनुसार रु.२४९८.८७ दिनु पर्नेमा रु.३७४.८३ ओभरहेड थप गरी रु.२८७३.७ भुक्तानी गरेकोले नपाउने ओभरहेड खर्च भुक्तानी भएको रु.७९९८.८७ असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९९८ |

५३ **भम्पु पिकनिक पार्क निर्माण बार्फिँकोट निर्माण** (६४।२०८२।३।२४ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम-2082-03-24):
सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक मूल्याकंन बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्ने व्यवस्था छ। भम्पु पिकनिक पार्क निर्माण बार्फिँकोट निर्माण उपभोक्ता समिति र पालिकाबिच २०८२।१।२२ मा सम्झौता भई रु.९४६३२५।– भुक्तानी भएको देखियो । पालिकाका प्राविधिक कर्मचारीले उपभोक्ता समितिलाई नापी कितावमा देहाय आइटममा नापी फरक पारी बढी भुक्तानी गरेको देखियो । अतः बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु.

| विवरण | **भुक्तानी भएको परिमाण घ.मि.** | | | | | **भुक्तानी हुनु पर्ने परिमाण घ.मि.** | | | | | फरक परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | लम्बाई | चौडाई | उचाई | जम्मा | संख्या | लम्बाई | चौडाई | उचाई | जम्मा | | | |
| RCC for Beam | ३ | ७ | ०.३० | ०.३५ | २.२८ | ३.०० | ४.२२ | ०.३० | ०.३५ | १.३३ | ०.९५ | १६२२७ | १५४३७ |
